कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी (वर्दघाट-सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल

## कृषी औजार खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रकासित मितिः२०७८/११/२८

१ यस कार्यालयबाट कृषकहरुलाई कृषी औजार खरिद गरी अनुदानमा वितरण गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र दरभाउपत्र फारम दस्तुर रु.१०००।- (अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने गरी कावासोती न.पा को राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखाको राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा जम्मा गरी सक्कल भौचर पेश गर्नू पर्ने) वा राजश्व शाखामा राजश्व तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यबसाय प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी दरभाउपत्रफाराम खरिद गर्न इच्छुक ब्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम कावासोती नगर कार्यपालिकाको कार्यालय,कावासोतीमा निबेदन पेश गरी खरिद गर्न सकिनेछ।

२ दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

३ प्रथम पटक प्रकाशित सूचनाको १६ औ दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको दरभाउपत्र रीतपूर्बक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४ दरभाउपत्र दर्ता गर्दा तपसिल अनुसारको जमानत वापतको रकम कावासोती नगरपालिकाको कार्यालय, कावासोतीको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखाको धरौटी खाता नं. ३२००१००३०३००००००३ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' बर्गको बैंकबाट जारी भएको र दरभाउपत्र खुल्ने मितिबाट ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत दरभाउपत्रदाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन।

५ दरभाउपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। दरभाउपत्रदाताले दरभाउपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संझौता हुदा कार्यालय सामाग्रीको परिमाणमा थपघट हुन सक्नेछ। साथै दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६ दरभाउपत्र साथ आपूर्ति गर्ने कार्यालय सामाग्रीहरुको गुणस्तर रिपोट पेश गरेको हुनुपर्नेछ।

७ कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

१० सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ड) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

१३ एक आपसमा मिलेमतो गरी शिलबन्दी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्विकृत गरीने छैन।

१४ दरभाउपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।

१५ दरभाउपत्रको प्रत्येक पानामा दरभापत्रदाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ। साथै दरभाउपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने छ।

१६ यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी कावासोती नगरपालिकाको कार्यालय, कावासोतीमा सार्बजनिक खरिद शाखा/ जिन्सीमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 05/KM/SQ/078/079goods | कृषी औजार खरिद | १२,८७,०००/- | ३८६१०/- | |

२०७८।११।२८

राकेश गुरुङ

प्रमुख प्रशासकीय अधिकृत